सिमकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सः २०८०।८१
च.नः ३९५

मितिः२०८१।०५।१२
ने.सं ११४४ गुंलागा दशमी

## सिमकोट गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतसँग सिमकोट गाउँपालिकाले गरेको कार्य सम्पादन सम्झौताः

सिमकोट गाउँपलिका हुम्ला(जसलाई यसपछि पहिलो पक्ष भनिएको) र सिमकोट गाउँपालिका हुम्लाका प्रमुख प्रशासकीय अधिकृत श्री उजिर रोकाया(जसलाई यसपछि दोस्रो पक्ष भनिएको) बीच गाउँपालिकाको समग्र प्रशासनिक गुणस्तर अभिवृद्धिको लागि देहायका शर्तहरुको अधिनमा रही कार्य गर्न गराउन सहमत भई यो कार्य सम्पादन सम्झौता गरिदियौ, लियौ ।

१. यो सम्झौता मिति २०८१।०४।०२ देखि २०८२ असार मसान्त सम्म लागु हुनेछ र यसको कार्यान्वयन गराउने दायित्व गाउँपालिका अध्यक्ष उपाध्यक्ष दुवैको परामर्शमा गाउँ कार्यपालिकाको हुनेछ । सम्झौतामा उल्लेखित शर्तहरुको पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ ।
२. पहिलो पक्षले कार्य सम्पादन करारमा दोस्रो पक्षले पालना गर्नुपर्ने भनि उल्लेखित शर्तहरु पालना भए नभएको निरन्तर रुपमा अनुगमन नियमन मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।
३. पहिलो पक्षले मूल्याङ्कनका आधार र मापदण्डहरु निर्माण गरी सूचकमा आधारित कार्य सम्पादन मूल्याङ्कन गर्नेछ । सोही मूल्याङ्कनको आधारमा दोस्रो पक्षको नियुक्ति थप गर्ने वा रद्द गर्नेछ ।
४. पहिलो पक्षले दोस्रो पक्षले सम्पादन गरेका कार्यहरु निजको कार्य सम्पादन स्तर र प्रशासनिक गुणस्तर अभिवृद्धि सम्बन्धमा मासिक चौमासिक रुपमा गाउँपालिका अध्यक्ष मार्फत गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।
५. दोस्रो पक्षले देहायका कार्यहरु तोकिएकै अवधिभित्र सम्पादन गरिसकेको हुनुपर्नेछ ।

सम्पादन गर्नुपर्ने कार्यहरुः

१. विकास एवं सेवा प्रवाहका क्रियाकलापको समिक्षा सहितको मासिक, चौमासिक र वार्षिक प्रतिवेदन नियमित रुपमा गाउँ कार्यपालिकामा पेश गर्नेछु ।
२. कार्यालय व्यवस्थापनमा नयाँ प्रविधि, ज्ञान र सीपको उपयोग गरी अन्तर शाखा समन्वय र सहकार्यलाई प्रभावकारी र व्यवस्थित गर्न पहल गर्नेछु ।
३. वित्तीय सुशासन कायम राख्न प्रचालित आर्थिक वित्तीय एवं सार्वजनिक खरिद, कानुन, नियम, निर्देशन, परिपत्र, कार्यविधिहरुको पुर्ण पालना गर्नुका साथै प्राथमिकता साथ कार्यान्वयन गर्नेछु र सम्पुर्ण आर्थिक कारोवार सुत्र मार्फत सञ्चालन गर्नेछु ।


फोन नं ०९७७-०८७६८००९४,९८५८३२०१९२वेवसाइड-www.simkotmun.gov.np
इमेल : ito.simkotmun@gmail.com/info@simkotmun.gov.np

सिमकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**सिमकोट, हुम्ला**

**कर्णाली प्रदेश, नेपाल**

प.स: २०८०।८१
च.नः

मितिः२०८१।०५।१२
ने.सं ११४४ गुंलागा दशमी

४. "म भ्रष्टाचार गर्दिन र अरुलाई पनि गर्न दिने छैन" एवं "शुन्य बेरुजुको" नारालाई अभियानको रुपमा कार्यान्वयन गर्नेछु ।

५. गाँउपालिकालाई आवश्यक कानुन तर्जुमाको कार्यलाई प्रथमिकताका साथ अगाडी बढाउछु ।

६. कर्मचारीहरुलाई आधारभुत प्रशासनिक संस्कृति र कार्य प्रक्रिया सम्बन्धमा प्रशिक्षित गर्नेछु । कार्यालय, वडा कार्यालय र मातहतका निकायका कर्मचारीहरुलाई नियमित अनुशासित र कार्यप्रति प्रतिवद्ध बनाउन प्रयत्न गर्नेछु ।

७. तथ्यांक तथा अभिलेख व्यवस्थापन अद्यावधिक गर्ने कार्यलाई प्राथमिकता दिनेछु ।

८. सार्वजनिक जवाफदेहिता प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, तथा सामाजिक परिक्षण जस्ता औजारहरु नियमित रुपमा उपयोगमा ल्याउनेछु ।

९. कार्यालयको फोन, मोबाइल, नम्बर, ईमेल तथा वेवसाईट नियमित रुपमा अद्यावधिक गर्नेछु । आफ्नो कार्यालयको मोबाइल फोन सदैव खुला राख्नेछु । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाईट नियमित रुपमा हेर्नेछु ।

१०. आम्दानी खर्च निर्माण भएका ऐन नियम कार्यविधि लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदन कार्यालयको वेवसाईट मार्फत सार्वजनिक गर्नेछु ।

११. स्थानीय तहको संस्थागत क्षमता मूल्याङ्कन कार्यविधिका सुचकहरुलाई पूर्णरुपमा कार्यान्वयन गर्नेछु ।

१२. राजनीति प्रति तटस्थ र सेवाप्रति प्रतिवद्ध रहनेछु ।

१३. खटिएको कार्यालयमा कार्यरत सम्पुर्ण कर्मचारीहरु (स्थायी अस्थायी) को विवरण मासिक रुपमा अद्यावधिक गरि वेवसाईटमा प्रकाशित गर्नेछु ।

१४. गाँउपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको सम्पति विवरण फारम निर्धारित समयमा भर्न लगाई गाँउपालिकामा दर्ता गरी सम्बन्धित निकायमा पठाउनेछु ।

१५. गाँउपालिकामा कार्यरत कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानीकोष, बीमा, सामाजिक सुरक्षाकोष र निवृतिभरणकोष सम्बन्धित निकायमा तोकिएको समयमा पठाउन लगाउनेछु ।

१६. सम्पुर्ण शाखाहरुबाट हुने नियमित काम कारवाहीको सम्बन्धमा नियमित अनुगमन मुल्याङ्कन गरी कार्य सम्पादन सम्झौता गर्नेछु ।

१७. गाँउकार्यपालिकाको बैठकबाट गरिने निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्नेछु ।


फोन न. ०९७७-०८७६८००९४,९८५८३२०१९२वेवसाइड-www.simkotmun.gov.np
इमेल : ito.simkotmun@gmail.com/info@simkotmun.gov.np

सिमकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सः २०८०।८१
च.नः

मितिः२०८१।०५।१२
ने.सं ११४४ गुंलागा दशमी

| | |
|---|---|
| उपरोक्त विवरण मेरो पदले गर्नुपर्ने काम, कर्तव्य र उत्तरदायित्व तथा अधिकारको पूर्ण विवरण हो । उल्लेखित जिम्मेवारीहरु आफै र मातहतका कर्मचारीद्वारा प्रभावकारी रुपमा कार्यान्वयन गर्नेछु ।<br><br>प्रमुख प्रशासकीय अधिकृतको<br>दस्तखतः (उजिर रोकाया, नि.प्रमुख प्रशासकिय अधिकृत)<br>मितिः | उपरोक्त विवरण सहितको कार्य जिम्मेवारी तपाईलाई सुम्पिएको हुँदा उत्तरदायित्व बहन गर्दै कुशलतार्वक आफ्नो जिम्मेवारी पुरा गर्नुहोला ।<br><br>गाउँपालिका अध्यक्षको<br>दस्तखतः (विजय भण्डारी, अध्यक्ष)<br>मितिः 2081/05/18 |

बोधार्थः

१. उपाध्यक्ष श्री सुशिला रोकाया ज्यू,सिमकोट गाउँपालिका ।